# मानव अधिकारका दृष्टिमा "नेपालको अन्तरिम संविधान २०६३"

त्रिभुवन विश्वविद्यालय मानविकि तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत

राजनीतिशास्त्र स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्र प्रयोजनार्थ

राजनीतिशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस

पोखरामा प्रस्तुत

**शोधपत्र**


**प्रस्तुतकर्ता**

भेषराज अधिकारी

राजनीतिशास्त्र, स्नातकोत्तर तह

सि.नं. ४८०३३२

कक्षा रोल नं. : ०१/०६४-०६५

त्रि.वि.दर्ता नं. : ८३४२-८८


२०६८

त्रिभुवन विश्वविद्यालय

**पृथ्वीनारायण क्याम्पस राजनीतिशास्त्र विभाग**

पोखरा

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकि तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत राजनीतिशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम अनुरुप दशौंपत्रको प्रयोजनार्थ शोधकर्ता श्री भेषराज अधिकारीले "**मानव अधिकारका दृष्टिमा नेपालको अन्तरिम संविधान, २०६३**" शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष निर्देशन र सुपरिवेक्षणमा तयार गर्नु भएको हो । निजले निकै मिहेनत र परिश्रमपूर्वक तयार पारिएको यो शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु । यस शोधपत्रको उचित मूल्याङ्कनको लागि सिफारिस साथ अनुरोध गर्दछु ।

मिति : २०६८/१०/१९

..............................

गिरधारी दाहाल

शोध निर्देशक (उप-प्राध्यापक)

राजनीतिशास्त्र विभाग,

पृथ्वीनारायण क्याम्पस

पोखरा

त्रिभुवन विश्वविद्यालय

**पृथ्वीनारायण क्याम्पस**

राजनीतिशास्त्र विभाग, पोखरा

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय राजनीतिशास्त्र विषयको स्नातकोत्तर तहको पाठ्यक्रम अनुरुप द्बितीय वर्ष दशौं पत्रको प्रयोजनका लागि शोधकर्ता श्री भेषराज अधिकारीद्वारा "**मानव अधिकारका दृष्टिमा नेपालको अन्तरिम संविधान २०६३**" शीर्षकमा तयार पारिएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख एवं सह-प्राध्यापक ........................................

श्री अग्नीधर पौडेल

२. शोध निर्देशक एवं उप-प्राध्यापक ........................................

श्री गिरधारी दाहाल

३. वाह्य नीरिक्षक ........................................

डा. श्री उमानाथ बराल (पि.एच.डी.)

मिति : २०६८/१०/२३

# दुई शब्द

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत राजनीतिशास्त्र स्नातकोत्तर तहको पाठ्यक्रम अनुसार दसौंपत्रको रुपमा तयार पार्नुपर्ने शोधपत्र लेखन कार्यले पुरानो शास्त्रीय शैलीबाट मुक्त गराई व्यवहारवादी आचरणको अनुसरण गर्दै वैज्ञानिक कार्यपद्धतिमा अनुदित भई विद्यार्थीमा भएका कोरा सिद्धान्तलाई व्यवहारिक जीवनमा मार्गदर्शन गर्ने कार्यको पाठ्यक्रमले मार्ग निर्देशन गरेको पाएँ ।

विगतमा जंगली अवस्थाको मानव समुदाय प्राणि जगतकै सर्वश्रेष्ठ बुद्धिजिवी ठहरिन अति कष्टकर कहालीलाग्दा सङ्घर्ष तथा सङ्कटको सामना गर्दै वर्तमान २१ औं शताब्दिमा पाइला चाल्दा विश्वव्यापीकरण र विद्युतिय संचार प्रणालीले विश्व समुदायलाई नै साँघुरो पार्दै लगेको छ ।

म्याग्नाकार्टा (Magnacarta) (सन् १२१५ बेलायत), सन् १६८९ को अधिकारपत्र, अमेरिकी स्वतन्त्रताको घोषणापत्र(सन् १७७६), फ्रान्सेली राज्यक्रान्ति (सन् १७८९), लिग अफ नेसन्स, सन् १९४८ को संयुक्त राष्ट्रसंघको मानव अधिकारको विश्वव्यापी घोषणापत्र, संयुक्तराष्ट्र संघद्वारा पारित महासन्धि हुँदै आएको पाइन्छ । नेपालमा मानव अधिकारको विकास क्रममा प्राचीन तथा मध्ययूगमा धर्मशास्त्र, चालचलन, रीतिरिवाजको आधारमा गुज्रीएको पाइन्छ । नेपालमा लिखित संविधानको शुरुवात बि.सं. २००४ बाट सुरु भई हालसम्म छ वटा संविधान जारी भएको पाइन्छ । यी जारी गरिएका सबै संविधानमा क्रमिक रुपमा मौलिकहकको व्यवस्थामा बढोत्तरी गरिदै लगेको पाइयो । संविधानमा कानुनी शासन (Rule of Law), स्वतन्त्र न्यायपालिका, वालिग मताधिकार, बहुदलिय लोकतान्त्रिक शासन व्यवस्थाको परिकल्पना गरेको पाइन्छ ।

राजनेताहरुको उच्च महत्वाकांक्षा, जनचेतनाको कमी, राजनीतिक अस्थिरता आदि कारणले मानव अधिकारको कार्यान्वयन पक्ष कमजोर भएको पाइन्छ । संविधानसभाबाट निर्माण गर्दै गरिएको संविधानमा यथोचित मात्रामा मानव अधिकारको व्यवस्था गरिनु पर्ने देखिन्छ । ऋषीमुनिहरुको तपोभूमि, शान्तिका अग्रदुत गौतमबुद्धको जन्म भूमि नेपालमा शान्ति संकटमा परेको छ । दीर्घकालिन शान्ति कायम गर्न सकिन्छ भन्ने अभिप्रायले आंशिक प्रयोजनकै लागि भए पनि खोजपूर्ण अनुसन्धानात्मक अध्ययन गरी संक्षिप्त रुपमा नै भए पनि नेपालमा मानव अधिकारको अवस्थाको तुलनात्मक अध्ययन गर्ने उद्देश्यले यो शोधपत्र

तयार पारिएको छ । यस शोधपत्रको अध्ययनले यस सम्बन्धी खोज अनुसन्धानमा लाग्ने जिज्ञासु अन्वेषज्ञलाई थोरै मात्रामा भए तापनि मानव अधिकारका बारेमा जानकारी हासिल गर्न सहयोग पुग्नेछ भन्ने मैले विश्वास लिएको छु ।

शोधपत्र लेखनमा मार्गनिर्देशन एवम् सुझाव सल्लाह दिनुहुने आदरणिय गुरुहरु पृथ्वीनारायण क्याम्पस राजनीतिशास्त्र विभाग, अनुसन्धान समितीका पोखरा, संयोजक एंव उप-प्राध्यापक डा. श्री उमानाथ बराल, शोध निर्देशक एवम् अनुसन्धान समिति सदस्य उप प्राध्यापक श्री गिरधारी दाहाल, राजनीतिशास्त्र विभागिय प्रमुख एवं सह-प्राध्यापक श्री अग्नीधर पौडेल प्रति कृतज्ञता ज्ञापन गर्दछु । शोध मूल्याङ्कन समितिका विशेषज्ञ, राजनीतिशास्त्र विभागिय प्रमूख तथा निर्देशकको सुझाव सल्लाह तथा निर्देशन अनुसार यो शोधपत्रलाई संसोधन गरी तयार गरिएको हो ।

सामग्री सङ्कलनमा सहयोग पुऱ्याउने पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पोखरा, मानव अधिकार आयोगको क्षेत्रीय कार्यालय पोखरा, त्रि.वि.वि. केन्द्रिय पुस्तकालय, उपसचिव गुरु भोजराज अधिकारी, प्र.अ. अनन्तराज लम्साल, शिक्षक तेजनारायण पौडेल, शि. उदय नेपाली, सहपाठी शिक्षक मित्र पिताम्बर पौडेल, अनुसन्धानका क्रममा सल्लाह र सुझाव दिनुहुने सम्पूर्ण शुभचिन्तकहरु धन्यवादका पात्र हुनुहुन्छ । घरायसी झमेला एवम् आर्थिक समस्यालाई सन्तुलन राखी दुःख कष्ट सहेर मलाई स्नातकोत्तर तहसम्म अध्ययन गर्न प्रेरणा दिने जीवन साथी नारायणी देवी अधिकारी प्रति आभारी छु । साथै यस शोधपत्रलाई यथासक्य शुद्धताका साथ शब्द संयोजन गरी निकै परिश्रमपूर्वक कम्प्युटर टाइप गरिदिनु हुने "द क्रियटिभ कम्प्युटर"का भाइ तारानाथ पराजुलीलाई विशेष धन्यवाद दिँदै शोधपत्र लेखन तथा सामग्री संकलनमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरुलाई पनि धन्यवाद दिँदै यस शोधपत्रको मूल्याङ्कनार्थ त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण बहुमुखि क्याम्पस राजनीतिशास्त्र विभाग समक्ष पेश गर्दछु ।

मिति : २०६८/१०/१८

..................

भेषराज अधिकारी

# शोध सार

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत राजनीतिशास्त्र स्नातकोत्तर तह दोस्रो वर्ष दसौं पत्र प्रयोजनार्थ राजनीतिशास्त्र विभाग पृथ्वीनारायण क्यम्पस पोखरामा प्रस्तुत शोध पत्रको शीर्षक “मानव अधिकारका दृष्टिमा नेपालको अन्तरिम संविधान, २०६३” रहेको छ ।

यस शोधपत्रको परिच्छेद एकमा परिचय अन्तर्गत म्याग्नाकार्टाबाट जनतामा प्राप्त अधिकार, नागरिक अधिकारबाट प्राप्त अधिकार, फ्रान्सेली राज्यक्रान्ति आदिबाट नागरिकले प्राप्त गरेको अधिकारको छोटो जानकारी दिइएको छ । मानव अधिकारका बारेमा के कस्ता व्यवस्था छन् ? मानव अधिकारका दृष्टिले नेपालको अन्तरिम संविधान कस्तो छ ? भन्ने समस्या उठाइएको छ । नेपालमा मानव अधिकारको स्थिति र व्यवस्थाको चर्चा गर्नु सामान्य उद्देश्य र नेपालका संविधानमा व्यवस्था गरिका मानव अधिकारको तुलनात्मक अध्यन गर्नु यो शोध पत्रको विशेष उद्देश्य हो । यो शोधकार्यमा विवरणात्मक ढाँचा, पुस्तकालय विधिको प्रयोग गरि तयार गरिएको छ । परिच्छेद दुईमा नेपालमा मानव अधिकारको अवधारणाको शुरुवात धर्मशास्त्रबाट हुँदै म्यग्नाकार्टा, अमेरीकी स्वतन्त्रता संग्राम यस सम्बन्धीको घोषणा, संयुक्त राष्ट्रसंघीय महासभाद्वारा १९४८ मा पारित भएको विश्वव्यापी मानव अधिकार घोषणापत्र हुँदै नेपालका कानूनमा यस सम्बन्धी भएका व्यवस्थाको चर्चा गरिएको छ । परिच्छेद तीनमा हालसम्मका नेपालका छ वटै संविधानमा व्यवस्था गरिएका मौलिक हकको तुलनात्मक अध्ययन, राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको संरक्षणको लागि गर्ने काम बारेमा उल्लेख गरिएको छ । परिच्छेद चारमा अन्तरिम संविधानमा व्यवस्था गरिएका मानव अधिकारको विश्वव्यापी घोयाणापत्रमा भएका व्यवस्थाहरुको तुलना गरिको छ भने पाँचौ परिच्छेदमा निष्कर्ष र निचोड रहेको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ र अन्तरिम संविधान २०६३ मा व्यवस्था गरिएका मानव अधिकारका विषयवस्तुलाई तुलनात्मक रुपमा अध्ययन गरिएको छ । नेपालमा छ वटै संविधानमा व्यवस्था गरिएका मौलिक हकको तुलनात्मक अध्ययन गरिएको छ । मानव अधिकारको विश्वव्यापी घोषाणापत्रसँग नेपालको अन्तरिम संविधानको तुलनात्मक अध्ययन गरी यो मानव अधिकारका दृष्टिले नेपालको अन्तरिम संविधान २०६३ कस्तो छ भन्ने सन्दर्भमा तुलनात्मक अध्ययन गरी निष्कर्ष निकालिएको छ । संविधानसभाले निर्माण गर्ने आगामि संविधानमा व्यवस्था गर्नु पर्ने मौलिक हकहरुका विषयहरु समेत उल्लेख गरिएको छ ।

अन्त्यमा नेपाली जनता मानव अधिककारका दृष्टिले सम्पन्नसाली बन्न सकुन्, अन्याय र अत्याचारमा कोही बस्नु नपरोस्, मानव अधिकारको प्रत्याभूति सबैले पाउन सकियोस् भन्ने विश्वास गरिएको छ ।

# विषय सूची


| | | पृष्ठ |
|---|---|---|
| **परिच्छेद एक : अनुसन्धानको परिचय** | | **१-१५** |
| १.१ | परिचय | १ |
| १.२ | शोधपत्रको समस्या कथन | ७ |
| १.३ | शोधपत्रको उद्देश्य | ९ |
| १.४ | अनुसन्धान विधि | ९ |
| १.५ | पूर्व साहित्य समीक्षा | १० |
| १.६ | अनुसन्धानको औचित्य र महत्व | १४ |
| १.७ | अनुसन्धानको सीमा | १५ |
| १.८ | अनुसन्धानको संगठन | १५ |
| **परिच्छेद दुई : मानव अधिकारको अवधारणा र विकास** | | **१६-४४** |
| २.१ | मानव अधिकारको अवाधारणा | १६ |
| २.२ | परिभाषा | २० |
| २.३ | मानव अधिकारको ऐतिहासिक पृष्ठभूमि | २२ |
| २.४ | नेपालमा मानव अधिकार सम्बन्धी व्यवस्था | ३१ |
| **परिच्छेद तीन : नेपालमा मानव अधिकार** | | **४५-७३** |
| ३.१ | नेपालमा मानव अधिकारको विकासक्रम | ४५ |
| ३.२ | नेपालमा मानव अधिकार सम्बन्धी संवैधानिक व्यवस्था | ४७ |
| | ३.२.१ नेपाल सरकार बैधानिक कानुन २००४ र मानव अधिकार | ४८ |
| | ३.२.२ नेपालको अन्तरिम शासन विधान २००७ र मानव अधिकार | ४९ |
| | ३.२.३ नेपाल अधिराज्यको संविधान १०१५ र मानव अधिकार | ५० |
| | ३.२.४ नेपालको संविधान २०१९ र मानव अधिकार | ५४ |
| | ३.२.५ नेपाल अधिराज्यको संविधान २०४७ र मानव अधिकार | ५८ |
| ३.३ | नेपालको मानव अधिकार संरक्षणमा भएका व्यवस्थाहरु | ६१ |
| ३.४ | मौलिक हकका रुपमा मानव अधिकार | ७३ |

**परिच्छेद चार : नेपालको अन्तरिम संविधान २०६३ र मानव अधिकार ७४-९७**

४.१ नेपालको अन्तरिम संविधान २०६३ र मानव अधिकार ७४

४.२ मानव अधिकारलाई नेपालका संविधानहरुमा के कसरी समावेश गरिदै आएको छ त्यसको तुलनात्मक अध्ययन ९०

४.३ नेपालको अन्तरिम संविधान २०६३ मा भएका मानवअधिकारको विश्लेषण ९७

**परिच्छेद पाँच : निष्कर्ष र निचोड ९८-१०४**

**सन्दर्भ सामग्री १०५**

**अनुसूचीहरु**